# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# बिराटनगर, नेपाल ।

आ. व.: ।२०८१/०८२ मितिः २०८१।१०।२२

श्री क्याम्पस प्रमुख / स्कूल-डाइरेक्टरज्यू,
**BCA / BIT / B.Sc. Forestry / B.Tech. Biotechnology** अध्यापनहुने सम्पूर्ण क्याम्पस/ कलेज / स्कूलहरू ।

**विषयः- मौका-परीक्षाको आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत २०८१ सालमा सञ्चालित **BCA / BIT / B.Tech. Biotechnology / B.Sc. Biotechnology** शैक्षिक कार्यक्रमहरूको **आठौं** सेमेष्टरको **नियमित (Regular) परीक्षामा सहभागि भई** अनुत्तिर्ण भएका विद्यार्थीहरूको लागि **(२०७६ समूहका विद्यार्थीहरूका लागि मात्र)** मात्र **मौका (Chance) परीक्षा** सञ्चालन हुने भएकोले त्यस क्याम्पस/कलेज/स्कूलहरूका विद्यार्थीहरुको परीक्षा आवेदन फाराम मिति २०८१।११।०६ गतेसम्म भराई नियमानुसारको परीक्षा शुल्क नबिल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा जम्मा गरी सो को सक्कल बैंक भौचर **(Customer Copy)** तथा परीक्षा आवेदन फाराम क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा मिति २०८१।११।०८ **गते** भित्र उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । तोकिएको मिति पछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरी सोझै फिर्ता पठाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

परीक्षा आवेदन फाराम पठाउँदा फारामलाई अंग्रेजी वर्णानुक्रम (Ascending Order) मा मिलाई फाइलिङ्ग गरी परीक्षार्थी तथा शुल्कको विवरण राखी पठाउनु पर्नेछ । यस प्रकार फाइलिङ्ग नगरी सोझै खाममा राखी पठाइएमा तथा परीक्षा शुल्क प्राप्त नभएमा परीक्षा आवेदन फाराम फिर्ता पठाइने छ ।

**परीक्षा शुल्क देहाय बमोजिम हुनेछः**

| विवरण | परीक्षा शुल्क |
|---|---|
| परीक्षा शुल्क (आंशिक) | १ विषय रू. ५००।-<br>२ विषय रू. ८००।-<br>२ भन्दा बढी विषय रू. ११००।- |

सह-परीक्षा नियन्त्रक

**नोटः** १. सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरूले पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, पुष्पलाल चौक, बिराटनगरमा सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।